# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


## प्रेस विज्ञप्ती

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ भाद्र १४ गते, बुधबार ।

माननीय महालेखा परीक्षकबाट स्वदेश तथा विदेशका विभिन्न अन्तराष्ट्रिय संस्थाहरुमा काम गर्नुभएका विज्ञहरुसंग लेखापरीक्षणको क्षेत्रगत विषयहरुमा छलफल गर्नुभयो । उक्त छलफलमा महालेखा परीक्षकबाट नेपालको संघीय संरचना अनुसार महालेखा परीक्षकको कार्यक्षेत्र, काम, कर्तव्य र अधिकारको बारेमा जानकारी गराउनु हुदै आफ्नो विषयगत क्षेत्रमा लेखापरीक्षणका लागि सुझाव दिन विज्ञहरुसंग आग्रह गर्नुभयो । महालेखा परीक्षकको कार्यालयले सार्वजनिक वित्तीय विश्लेषण, वित्तीय हस्तान्तरण, सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता, सार्वजनिक निर्माण, सार्वजनिक खर्चको उपयोगिता लगायतका विषयमा अनुभूती हुने गरी सुधार गर्न व्यवहारिक सुझावको अपेक्षा रहेको जानकारी गराउनु भयो ।

सोही अवसरमा वित्तीय सुशासन आजको आवश्यकता रहेको बताउदै विज्ञहरुले महालेखा परीक्षकज्यूको प्रयास अनुकरणीय रहेकाले स्वार्थ रहित भएर स्वयंमसेवकको रुपमा राज्यलाई योगदान गर्न पाउनु खुशीको कुरा भएको बताउनुभयो । राज्यका खर्च गर्ने बैद्यानिक निकायहरुमा स्वामित्वबोध नहुनु, कार्यान्यन क्षमता नहुने र उपर्यूक्त मूल्यांकन प्रणालीको अभाव, काममा सिर्जनशिलताको अभाव रहेकाले सुधार हुन नसकेको बताउनुभयो । बजेट र योजनावीचको तादम्यता नरहेको, नीति निर्माण र कार्यान्वयन पक्ष कमजोर रहेको बताउदै लेखापरीक्षण प्रणालीलाई थप समयानुकुल बनाउनुपर्ने बताउनुभयो । लेखापरीक्षणको दायरा फराकिलो रहेका हुँदा यस क्षेत्रका विज्ञहरुबाट सल्लाह र सुझाव लिई कार्य गर्नु अत्यन्तै राम्रो रहेकोले यस संग सम्वन्धीत र देश विदेशको कार्यानुभवको आधारमा आवश्यक सल्लाह र सुझाव दिन तयार रहेको बताउनुभएको थियो । उक्त अवसरमा महालेखा परीक्षकले सल्लाह र सुझावको लागि दक्ष र विज्ञहरुको प्राविधिक टोली बनाएर कार्यविवरण तयार गरी विज्ञहरुको अनुभव उपयोग गरिने बताउनुभयो ।

अशोक कुमार कार्की
निर्देशक / सहायक-प्रवक्ता